# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस नोट**

२०७१ चैत १८ गते

प्रा.डा. गोविन्द केसीको आमरण अनसन प्रकरण

## वार्ता र संवादको माध्यमबाट तत्काल समस्या समाधान गर

दस सूत्रीय माग राखी आमरण अनसनमा बस्नुभएका त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल (महराजगञ्ज) का प्रा.डा. गोविन्द केसीको स्वास्थ्य अवस्था, बिरामीहरू स्वास्थ्यपचारबाट वञ्चित हुनुपरेको अवस्था सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगका मा. अध्यक्ष अनुपराज शर्मा नेतृत्वको टोलीले आज जानकारी लिएको छ । टोलीमा आयोगका मा. सदस्य सुदिप पाठकसहित अधिकृतहरूको संलग्नता रहेको छ ।

अध्यक्षबाट प्रा.डा. केसीको स्वास्थ्य अवस्था, बिरामीले सेवाबाट वञ्चित हुनुपरेको सम्बन्धमा साथै सरकारसँग भएको वार्ता र संवादबारेमा विशेष चासो व्यक्त भएको छ । प्राप्त जानकारीअनुसार प्रा.डा. केसीको स्वास्थ्य अवस्था दिनप्रतिदिन खस्कदै गएको पाइएको छ । ओपिडी सेवा बन्दको कारण  बिरामीहरूले उपचारबाट वञ्चित हुनुपरेको अवस्था छ ।

अतः आयोग आमरण अनसनको कारण प्रा.डा. केसीको स्वाथ्य अवस्था थप जटिल बन्दै गएकोमा जीवनरक्षा, गर्न र वार्ता र संवादको माध्यमबाट डा केसीले उठाउनुभएका मागलाई सकरात्मक भई अबिलम्ब सम्बोधन गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । यसका साथै बिरामीहरूको स्वास्थ्य उपचार पाउने अधिकारलाई सम्मान गर्न नेपाल मेडिकल एसोसिएसन र सबै सरोकारवालाहरूलाई विशेष आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य तथा प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org